बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

# बढैयाताल गाँउपालिकाको विनियोजन ऐन २०७५

सभाबाट स्वीकृत मिति : २०७५/०३/२१

प्रमाणित गर्ने :-
अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

**बढैयाताल गाँउपालिका**
**मैनापोखर, बर्दिया**
**५ नं. प्रदेश**

# बढैयाताल गाँउपालिकाको विनियोजन ऐन २०७५

बढैयाताल गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०७५/०३/२१

प्रस्तावनाः- बढैयाताल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बढैयाताल गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भः- (१) यस ऐनको नाम " बढैयाताल गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः-

(१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लेखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६०,९३,७२,५००/-(अक्षेरुपी साठि करोड तिरानब्य लाख बहत्तर हजार पाँच सयमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्चगर्न सकिनेछ।

३. विनियोजनः-

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५।०७६ को निमित्त बढैयाताल गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२) उपदफा (१) माजुनसुकै कुरा लखिएको भएतापनिकार्यपालिका, वडा समितिले र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० % प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नतथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०% प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियाजेन हुने रकम

| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाउँ कार्यपालिका | ४,४६,१३,५००/- | १७,१३,११,०००/- | – | २१,५९,२४,५००/- |
| ३ | | वडा समिति | १,१७,००,०००/- | ८,१९,४९,०००/- | – | ९३६४९,०००/- |
| ४ | | बिषयगतशाखा | २०,४३,७६,०००/- | ९,५४,२३,०००/- | – | २९,९७,९९,०००/- |
| ५ | | ऋणको सावाव्याजभुक्तानी | – | – | – | – |
| ६ | | लगानी(शेयर/ऋण) | – | – | – | – |
| | | जम्मा | २६,०६,८९,५००/- | ३४,८६,८३,०००/- | – | ६०,९३,७२,०००/- |